# स्यालो टयुबवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधी, २०७७

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय) निर्णयबाट तत्काल लागू हुने गरी यो मापदण्ड तथा कार्य संचालन विधी स्वीकृत गरिएको छ।

१. उद्देश्य : ईनार वा बढिमा ४ इन्चसम्मको ब्यास ६० मिटर गहिराईको स्यालो ट्यूबवेलबाट सेन्ट्रिफ्युगल प्रणाली (पम्पबाट) प्रयोग गरी कृषि क्षेत्रका लागि आवश्यक सिंचाई/जल आपूर्ति गर्न अन्य वैकल्पिक श्रोत नभएको स्थलमा भुमिगत जलको प्रभावकारी र दिगो हुने गरी उपयोग बढाउनु ।

२. सूचना प्रकाशन: (१) कार्यालयले कम्तिमा पन्ध्र दिनको म्याद दिई दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सेवाग्राहीबाट आवेदन माग गर्नु पर्नेछ। उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुन: ७ दिनको म्याद थप गरि सो अवधि भित्र जतिसुकै संख्यामा आवेदन आएपनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

३. अनुदानग्राहिको योग्यता: यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राहीले कार्यक्रममा सहभागी हुन आवेदन गर्न सक्नेछन् ।

(१) कृषि उत्पादनमा संलग्न एकै ठाउँमा दुई बिग्हा जग्गा भएको एकल कृषक परिवार।

(२) एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई बिग्हा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।

(३) एक भन्दा बढी कृषक परिवारहरुको आफनो/भाडाको/छरछिमेकको जग्गा मिलाएर दुई बिग्हा क्षेत्रफलमा पाइप वा नालाको माध्यमबाट स्यालो ट्यूबवेलको पानि उपयोग गर्न आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।

(४) कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फर्म/उधमी: प्रचलित कानुन अनुसार दर्ता भएका र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ बिग्हा जग्गामा कृषि उत्पादन कार्यक्रम संचालन गरेको।

(५) स्यालो टयुबवेल जडान सम्भाब्यय नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ५ परिवार र ४ बिग्हा जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी सँस्थागत वा आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखु पर्ने।

(६) बस्तीभन्दा बाहिर टाढाको खेत १० कठ्ठा भन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले २ इन्च ब्यासको स्यालो टयूवेल जडान गर्ने ईच्छुक कृषक वा कृषक परिवार।

(७) एक पटक यस्तै कार्यक्रममा छनौट भइ यस किसिमको अनुदान पाइसके पछी दुई आ.व. व्यतीत नभएको/झुठा बिबरण पेश गर्ने/कुनै किसिमको पेश्की बेरुजु वा अनियमिततामा परेको/ कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ती वा परिवारको आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।

(८) माछापालनको लागि १.५ बिघा, कृषि/कृषि वन नर्सरीको लागि ५ कठ्ठा, संरक्षित खेति/कृषि फर्म/उद्यमी/पशुपन्छीपालनको हकमा आवश्यकता र औचित्यको आधारमा सिंचाई/जल आपूर्ति सुविधा उपलब्ध हुने अवस्थामा समेत अनुदान दिन सकिने छ ।

४. **प्राविधिक स्पेसिफिकेशन तथा लागत अनुमान:** (१) सिभिल वा कृषि इन्जियर/ओभरसियर/ सब-ओभरसियर वा साना सिचाई सम्बन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो ट्युववेल जडान/ईनार निर्माण सम्बन्धी प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरी सम्बन्धित कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। लागत अनुमानमा अनुदानग्राही सहभागिता बापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

५. **मूल्यौंकन समिति र मूल्याङ्कनका आधारहरु:** (१) कार्यालयले प्राप्त आवेदनहरुको मुल्यांकन तथा छनौट गर्न देहाय बमोजिमको एक मूल्यौंकन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको कृषिसंग सम्बन्धित अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी | सदस्य-सचिव |

(२) कार्यालयले मुल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(३) मुल्यांकन समितीले मूल्यांकन गर्दा प्राप्त आवेदनहरुलाई तपसिल अनुसार अनुदानग्राहीको किसिम छुटयाउने छ।

(क) ४ इन्च व्यास स्यालो टयूबेल जडान मात्र

(ख) ४ इन्च व्यास स्यालो टयूबेल जडान तथा संचालन पम्प समेत

(ग) पुरानै जलश्रोत संरचनावाट जल उपयोग गर्न पम्पसेट/सिंचाइ मोटर मात्र

(घ) २ इन्च व्यास स्यालो टयूबेल जडान तथा संचालन पम्प समेत

(ङ) ईनारवाट सिंचाई

(४) आवेदन फारममा आवेदकवाट लागत सहभागीता उल्लेख भएको आवेदनहरुको सहभागीता हुने अंकको आधारमा वर्गिकरण गरी छुटयाउने र बढी लागत सहभागीता उल्लेख भएका आवेदनहरुको मूल्यौंकन तथा छनौट पहिले गरी बचत हुने स्थानमा मात्र क्रमश: सहभागीता प्रतिशतको आधारमा मूल्यौंकन तथा छनौट गर्ने।

(५) बुँदा नं ३ अनुसार वर्गिकरणको आधारमा माग निवेदन सँख्या एकिन गर्ने र कार्यालयको कूलश्रोत साधनको आधारमा हरेक किसिमको अनुदानग्राहि समावेश हुने गरी कार्यक्रम संचालन गर्ने।

६. **स्थलगत मूल्याङ्कन:** (१) आवेदनहरु छनौटको लागी कर्मचारी परिचालन गरी स्थलगत अनुगमन निरीक्षण गराउने र निरक्षण प्रतिवेदनको अंक भार मूल्यौंकन प्रक्रियामा समावेश गराउने। मूल्यौंकन सम्बन्धी आधारहरु दफा (५) को मुल्यांकन समितिले तय गरि कार्यालय प्रमुख वाट स्वीकृत गराउनु पर्नेछ ।

(२) स्थलगत अनुगमन निरीक्षण हुने बेलामा अवेदनमा भुलबस सँधीयार तथा किता नं मा केही त्रुटी भए भूल सुधार गरी सौधसँधीयार वा किता नं अनुगमन कर्ता कर्मचारी मार्फत सच्याउने कार्यको लागि लिखित अनुरोध गर्न सक्नेछ। लिखत अनुरोध भई आएमा कार्यालयले बास्तविकता बुझि भूल सुधार वा शंसोधन गर्न गर्न सक्नेछ ।स्थलगत अनुगमन प्रतिवेदन तयारी पश्चात आवेदन फारममा कुनै किसिमको भूल सुधार वा शंसोधन हुने छैन।

(३) मुल्याङ्कित अंक बराबर भएको अवस्थामा क्रमशः सिंचाई हुने क्षेत्रफल, जल उपयोग प्रभावकारिता र आवेदकको समाजिक तथा आर्थिक अवस्था, अन्य सुविधा पाए/नपाएको आधारमा प्राथमिकता निर्धारण गरिनेछ।

(४) मूल्यांकन समितीले मूल्यांकनको आधारमा छनौट सूची तयार गर्नेछ र समितीबाट पेश भएको छनौट सूची कार्यालय प्रमुखले स्वीकृत गरेपछी सो सूची प्रकाशन गर्ने।

७. सम्झौताः छनौट सूचीमा समावेश भएका अनुदानग्राहीले कार्य संचालनको लागी कार्यालयसँग सम्झौता गर्नेछ।

(१) कार्यालयले स्यालो टयूबवेल जडान तथा संचालन कार्यको लागी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी २०७६ अनुसार आपूर्तिकर्ताहरुको सूची तयार गरी अनुदानग्राहीलाई उपलब्ध गराउनेछ र उक्त सूचि मध्येबाट अनुदानग्राही आफनो स्वेच्छाले रुचाएको आपूर्तिकर्ताबाट कार्यक्रम संचालन कार्य तथा आवश्यक सामग्री खरिद गर्न सक्नेछ र सम्झौता अनुसार कृषक दायित्वको रकम आफैं भुक्तानि गर्नेछ। कार्यको पारदर्शिता तथा लागत जवाफदेहिताको लागी कार्यालयले कार्यक्रमको चरणवद्ध रुपमा क्रमशः अनुगमन गरी कार्य आदेश/जडान आदेश/सामग्री आपूर्ती वा अन्य उपयुक्त आदेश जारी गर्नेछ।

(३) यस कार्यक्रम अन्तरगत अनुदानग्रीले स्वेच्छाले खरिद गरेको सेवा/सामग्री बापतको तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीबाट प्राप्त गर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।

(४) आपूर्तिकर्ताले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि मात्र कार्यालयले अनुदान बापतको रकम भुक्तानी दिनेछ।

८. जडान कार्य सम्पादन प्रतिबेदनः आपुर्तिकर्ताले जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले उक्त कार्यको निरीक्षण गराई कार्य सम्पन्न प्रतिबेदन लिनु पर्नेछ।

९. भूक्तानी प्रक्रियाः कार्यालयबाट जारी भएको आदेश जडान कार्य सम्पन्न प्रतिबेदन तथा बिल भर्पाइ लगायत कार्यालयले तोकेको अन्य विवरण सहित अनुदान बापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान बापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ। कार्यालयले जडान/निर्माण भएको स्यालोटयुबवेल/ईनारको जि पि एस कोड अभिलेख राख्नु पर्नेछ ।

१०. अनुगमन तथा मूल्याङ्कनः मन्त्रालय/ निर्देशनालय/कार्यालयको टोलीले स्यालो टयुबवेल जडानको नियमित सुपरिवेक्षण तथा अनुगमन कार्य गर्नेछ। यस क्रममा देखिएका सुधार गर्नु पर्ने कुराहरु बारे सम्वन्धित पक्षलाइ समयमै जानकारी गराउनु पर्नेछ।

११. सार्वजनिकिकरणः कार्यालयले सम्पन्न भएका कार्यहरुको सूची सार्वजनिक गर्नु पर्नेछ ।

१२. खारेजी तथा बचाउः- स्यालो टयुबवेल/सोलार पम्प जडान/ईनार निर्माण अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधी, २०७६ खारेज गरिएको छ । यो मापदण्ड तथा कार्य संचालन बिधि स्वीकृत हुनु पूर्व स्यालो टयुबवेल/सोलार पम्प जडान/ईनार निर्माण अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधी, २०७६ बमोजिम भएका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।